‘सुन्दर, समुन्नत, समृद्ध र वैभवशाली शहर, वीरगंज महानगर’

# आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम

(प्रस्तावित)

## वीरगंज महानगरपालिका

८ असार २०८१

ने.सं.११४४ तछलाथ्व पुन्हि

वीरगंज महानगरपालिकाका उपप्रमुख ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू र नगरसभाका सदस्य ज्यूहरु,

सर्वप्रथम वीरगंज महानगरपालिका, नगरसभाको १५ औं अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु ।

यस गरिमामय सभामा वीरगंज महानगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु ।

यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलिकरणका लागि भएका ऐतिहासिक आन्दोलन र मधेशको हक अधिकारका लागि आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनको क्रममा घाईते तथा अङ्गभङ्ग हुनु भएका योद्धाहरुमा उच्च सम्मान ब्यक्त गर्दछु ।

गत आर्थिक वर्षमा नगरसभाले स्वीकृत गरेका नीति तथा कार्यक्रमबाट प्राप्त मार्ग निर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धिको समीक्षा गर्दै आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम यस सभामा प्रस्ताव गरेको छु । सुन्दर, समुन्नत, समृद्द र वैभवशाली वीरगंज निर्माण गर्ने हाम्रो संकल्प र समस्त वीरगंजवासीको चाहानालाई सम्बोधन गर्ने लक्ष्य राखि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

यस नीति तथा कार्यक्रमले स्वच्छ, सफा, हराभरा र सुन्दर वीरगंज शहरको पहिचान स्थापित गर्दै धार्मिक पर्यटकीय गन्तव्यको रुपमा विकसित गर्ने कार्यमा सघाउ पुऱ्याउने छ भन्ने मैले विश्वास लिएको छु ।

यस सभामा प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट वीरगंज महानगरपालिकालाई मार्गनिर्देश प्राप्त हुने अपेक्षा गरेको छु ।

**नगरसभा सदस्य ज्यूहरु ।**

अब म वीगत र चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षका लागि प्रस्तावित नयाँ नीति तथा कार्यक्रम देहाय बमोजिम प्रस्ताव गरी सम्मानित नगरसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## नीति

'वैभव वीरगंज' को परिकल्पनालाई साकार पार्न वीरगंजलाई धार्मीक पर्यटकीय स्थलको रुपमा विकसित गर्दै यहाँको ऐतिहासक तथा मौलिकतालाई ध्यानमा राखि नगरवासीको उत्कट चाहना बमोजिम वीरगंजलाई सुन्दर, समुन्नत र समृद्द बनाइनेछ ।

**क) पर्यटन, सरसफाई, वन र वातावरण**

१. 'वैभव वीरगंज' बनाउने अभियान बमोजिम यहाँ रहेका धार्मिक तथा पर्यटकीय स्थलहरु विन्दवासिनीमाई मन्दिर, पिपराको नृसिङ्ग मन्दिर र भुटनदेवी मन्दिर निर्माणको कार्य आगामि आ.व. देखि अगाडी बढाइनेछ । महानगरका अन्य मठ मन्दिरको आवश्यकता अनुसार पुनःनिर्माण र सौन्दर्यकरण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

२. पर्यटन प्रवर्द्धन र आन्तरिक आय बृद्धिका लागि वीरगंज १७ र १९ मा पर्ने कोनियामा रहेको सार्वजनिक जग्गामा आधुनीक हरित पार्क सहितको ताल निर्माणको कार्य अघि बढाईने छ ।

३. वीरगंज घण्टाघर नजिकको खाली जग्गामा सार्वजनिक निजी साझेदारि र दातृ निकायसँगको समन्वयमा आधुनिक हरित पार्क निर्माणको कार्यलाई अगाडि बढाईनेछ ।

४. सिर्सिया नदीको दायाँबायाँ नक्सा बमोजिमको खोला क्षेत्र छुट्याई दुबै तर्फ सडक निर्माण, वृक्षारोपणद्वारा हरियाली प्रवर्द्धन गरि सिर्सिया हरित करिडोर विकास कार्य अघि बढाउन सबै तहका सरकारसँग सहकार्य गर्ने नीति लिइनेछ ।

५. स्वच्छ, सफा, हराभरा र सुन्दर वीरगंज बनाउन महानगरले सुरु गरेको सरसफाई अभियानलाई अझै कडाइका साथ लागु गरि जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने कार्यलाई निरन्तरता दिइने छ । मुख्य सडकमा मात्रै नभई टोलटोल र गल्लीगल्ली सफाई हुने गरि जनशक्ति परिचालन गर्नुका साथै सचेत बनाउने कार्यक्रम संचालन गरिनेछ । यसका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गरिनेछ ।

६. वीरगंजलाई थप स्वच्छ र सफा बनाउन 'फोहोर गर्नेले नै सफा गर्दा लाग्ने खर्च' दिनुपर्ने व्यवस्था लागू गरी फोहोर व्यवस्थापनलाई अझै बढी चुस्त बनाइने छ ।

७. फोहोर व्यवस्थापनको लागि ल्याण्डफिल्ड साइटमा आधुनिक उपकरण जडान गरी वैज्ञानिक तवरबाट संचालन गर्ने व्यवस्था मिलाइने छ ।

८. खानेपानी समस्या समाधान गर्न सार्वजनिक स्थानमा डिप बोरिङ गर्ने कार्यलाई निरन्तरता दिँदै नेपाल खानेपानी संस्थानसँगको सहकार्यमा पाइपलाइन विस्तार गर्ने कार्यलाई तिब्रता दिइने छ । नगरका मुख्य स्थानहरु, सामुदायिक विद्यालय, नारायणी अस्पताल लगायतका ठाउँहरुमा '**Water ATM**' प्रणाली स्थापना गरिनेछ ।

९. पानीको श्रोत संरक्षण गर्न महानगरभित्रका पोखरी तथा पुराना ईनार र कुवाको संरक्षण गर्दै मर्मत सम्भार गरिनेछ ।

१०. नेपाल खानेपानी संस्थान सँगको सहकार्यमा आर्थिक विपन्न परिवारको पहिचान गरि ४ हजार घरधुरीमा धारा जडान गरिने छ ।

११. वन विनासका कारण भइरहेको जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न खाना पकाउन खपत भइरहेको दाउरालाई प्रतिस्थापन गर्न वन क्षेत्र आसपासका विपन्न परिवारलाई निशुल्क ग्याँस सिलिण्डर सहित चुल्हो वितरण गर्ने व्यवस्था मिलाइने छ ।

१२. विपद् जोखिम व्यवस्थापनका लागि दमकल कर्मचारी थप गर्दै वडा नं. ३१ मा दमकल शाखा स्थापना गरि ग्रामिण क्षेत्रमा दमकल र एम्बुलेन्स सेवा तत्काल पुग्ने व्यवस्था मिलाइनेछ ।

१३. महानगरको अधिनमा ल्याइएको अतिक्रमित सार्वजनिक जग्गाको संरक्षणका लागि घेराबार तथा वृक्षारोपण गर्ने कार्यलाई अघि बढाइने छ ।

१४. शहरलाई हरियाली बनाउन सडक पेटी, डिभाइडर तथा सार्वजनिक खाली जग्गामा बृक्षरोपण गरिने छ । शहरी बन कार्यक्रम र निजी बनलाई प्रोत्साहन गरिनेछ ।

१५. सिर्सिया नदिलाई प्रदुषणमुक्त बनाउन उधोगहरुबाट निस्कने पानी प्रशोधन गरेर मात्र निकास गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिँदै सिर्सिया नदी प्रदुषण गर्ने उद्योगहरुलाई कानुनी कारवाहिको प्रकृयालाई निरन्तरता दिईनेछ ।

१६. आगामी आ.ब.बाट वातावरण प्रदुषण कर निर्धारण गरी कार्यान्वयनमा ल्याइने नीति लिइनेछ ।

१७. वीरगंजको बजारलाई थप चलाएमान बनाउन र आर्थिक गतिविधिमा बृद्दि गर्नका लागि रात्रि बजारलाई निरन्तरता दिइनेछ । भोजपुरी कला (Arts) मार्फत शहर सौन्दर्यकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**ख) पूर्वाधार निर्माण तथा आर्थिक विकास**

१८. वीरगंज महानगरपालिका र विभिन्न निकायको समन्वयमा महानगरभित्रको खानेपानी, ढल तथा दिसाजन्य लेदो व्यवस्थापन गरिने छ ।

१९. वीरगंज-जितपुर-सिमरा करिडोरको व्यवस्थित निर्माणको लागि सरोकारवाला निकायसँग समन्वय गरि विस्तृत परियोजना निर्माणको कामलाई अघि बढाइने छ ।

२०. व्यवस्थित गोदाम, पार्किङ्ग र अन्य सुविधा सहित सार्वजनिक निजी साझेदारिमा ट्रान्सपोर्ट नगर निर्माणको प्रकृयालाई अगाडि बढाईनेछ ।

२१. महानगरक्षेत्रभित्रका सडक तथा फुटपाथमा विभिन्न निकायबाट निर्माण गरिने संरचनाहरुको निर्माण प्रारम्भ गर्नुपूर्व महानगरपालिकाको अनिवार्य स्वीकृति लिनुपर्ने प्रावधान लागु गरिने छ ।

२२. रानीघाट स्थित शवदाह गृहलाई थप व्यवस्थित बनाउँदै प्रदेश सरकारसँगको समन्वयमा यसै वर्षबाट विद्युतीय शवदाह गृह संचालनमा ल्याइने छ ।

२३. सडकहरुको मौलिक नामाकरण गरी घर नम्बर प्रणाली वितरणलाई प्रभावकारी रुपमा अघि बढाइने छ ।

२४. महानगरक्षेत्रभित्र रहेका सार्वजनिक जग्गा अतिक्रमण गरि बनाइएका अनधिकृत संरचना हटाई खुला क्षेत्रको रुपमा विकास गरिनेछ ।

२५. स्थानीय स्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीपको परिचालन गरी लघु, घरेलु तथा साना उद्योगमा लगानी वृद्धि गर्दै रोजगारीको सिर्जना गर्न संघ र प्रदेश सरकार सँगको समन्वयमा वडा नं. ३१ मा औद्योगिक ग्राम स्थापना गर्ने कार्य अगाडी बढाइने छ ।

२६. सहकारीको माध्यमबाट उत्पादनशील क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजी संकलन तथा परिचालन गर्दै साना तथा स्वरोजगारका अवसर सृजना गरि गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ ।

२७. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याउनुका साथै कसुरजन्य कार्यमा संलग्न सहकारीलाई कारवाहिको दायरामा ल्याईनेछ । यसअघिका सम्पुर्ण सहकारीको अनुगमन गरी आवश्यक सहकारीलाई मात्र राख्ने र बाँकीलाई खारेज गर्ने नीति लिईनेछ ।

**ग) शिक्षा तथा स्वास्थ्य**

२८. वीरगंज महानगरपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ । प्राथमिक तहमा मातृभाषामै पठन पाठनको व्यवस्था मिलाइनेछ । भोजपुरी प्रतिष्ठानलाई पुनःसक्रिय बनाई भोजपुरी भाषा र साहित्यको संवर्द्धन गरिनेछ ।

२९. सहिद परिवारका छोराछोरी, गरिब, जेहेन्दार विद्यार्थी, अपाङ्ग, असहाय तथा सीमान्तकृत समुदायका विद्यार्थीहरुलाई अध्ययनमा दिइने छात्रवृत्तिलाई निरन्तरता दिइने छ ।

३०. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट सुरु गरिएको शिक्षण कार्यलाई विस्तार गरिने छ ।

३१. दर्ता वा स्वीकृती नलिई वा दर्ता गरे भन्दा बढी कक्षा वा तहको अध्ययन अध्यापन कार्य संचालन गरेका विद्यालय तथा कलेजहरुलाई प्रचलित कानुनको अधिनमा रही नियमित अनुगमन गरी दण्ड र जरिवाना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३२. सामुदायीक विद्यालयको शैक्षिक वातावरण सुधार अन्तर्गत आवश्यक भौतिक पुर्वाधार निर्माण तथा सुधारको कार्यलाई निरन्तरता दिईने छ ।

३३. आगामी आर्थिक वर्षलाई शैक्षिक क्षेत्रमा आमूल परिवर्तन महशुस गर्ने गरी शैक्षिक वर्षको रुपमा मनाइनेछ ।

३४. ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको उपचारका लागि जेरियाट्रिक चिकित्सकमार्फत ज्येष्ठ नागरिक विशेषज्ञ सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

३५. मापदण्ड विपरीत सञ्चालित नीजि क्षेत्रका अस्पताल, क्लिनिक, प्रयोगशाला जस्ता संस्थाहरुको नियमित अनुगमन गरि दण्ड जरिवाना तथा कारवाहिलाई निरन्तरता दिईनेछ ।

३६. महानगरले संचालन गरिरहेको आफ्नै प्रयोगशालालाई अझै गुणस्तरीय बनाउँदै सेवा विस्तार गरिनेछ ।

३७. नारायणी अस्पतालको सरसफाईको सम्पूर्ण जिम्मेवारी वीरगंज महानगरपालिकाले लिँदै आएकोमा सो लाई निरन्तरता दिँदै आगामी आ.ब.बाट सेवाग्राहीलाई अझै सहजता प्रदान गर्न अस्पतालमा आवश्यक प्राविधिक सहायता उपलब्ध गराइने छ ।

३८. जेष्ठ नागरिक, महिला, बालबालिकाको लागि औषधी उपचार, गर्भवती तथा सुत्केरी आमा र नवजात शिशुको लागि पोषणयुक्त खाद्यान्नको उपलब्धतालाई निरन्तरता दिइने छ ।

## घ) सुशासन र जनमुखी प्रशासन

३९. “सुशासन” लाई प्रशासन तथा सेवा प्रवाहको मूलमन्त्र बनाई सेवालाई सुलभ र पारदर्शी बनाउन अनलाईन सेवा प्रणाली लागु गरिएकोमा यसलाई अझै प्रभावकारी बनाई नतिजामुखी प्रशासनको प्रत्याभूत गरिनेछ ।

४०. महानगरबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणको कार्यमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ । यसलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयबाटै योजनाको भुक्तानी हुने प्रकृया मिलाइने छ ।

४१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा नगरको बाँकी बक्यौता, पेश्की, बेरुजुको लगत विवरण अद्यावधिक गरी घटाउँदै गएकोमा आगामी आ.व.मा समेत कडाईका साथ असुल उपर एवं फछ्र्यौट गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

४२. सेवा ग्राहिले जुनसुकै ठाउँबाट भवन निर्माण ईजाजतको लागि आवेदन दिन मिल्ने र आफ्नो काम कुन तहमा पुगेको छ भनी हेर्न मिल्ने गरी विद्युतीय नक्सा पास प्रणाली (Electronic Building Permit System– EBPS) यसै वर्षदेखि कार्यान्वयनमा ल्याइने छ । दक्ष प्राविधिक जनशक्तिको व्यवस्थापन गरि महानगरबाट भइरहेको सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइने छ ।

४३. वीरगंजलाई सुरक्षित शहर बनाउन महत्वपूर्ण सार्वजनिक स्थान तथा सडक चोकहरुमा CCTV जडान गर्ने कार्यलाई निरन्तरता दिई जिल्ला प्रहरी कार्यालय पर्सा परिसर भित्र रहेको आधुनिक CCTV Control Room को पहुँचमा ल्याएर सुरक्षा प्रणालीलाई डिजिटलाईज गरिनेछ ।

४४. वीरगंज महानगर क्षेत्रभित्र रहेका सम्पूर्ण उद्योगधन्दा, कलकारखाना तथा अन्य व्यवसायिक प्रयोजनका लागि स्थापना गरिएका भवनहरुको अनिवार्य रुपमा नक्सापास गर्ने कार्यलाई कडाइका साथ लागु गरिनेछ । नक्सा पास नगरी निर्माण भएका संरचनालाई स्थानीय सरकार संचालन ऐन बमोजिम नियमनको दायरामा ल्याइनेछ ।

४५. नगरवासीको सेवा कार्यलाई थप सहज र सुविधाजनक बनाउन संघ र प्रदेश सरकारसँगको समन्वयमा वीरगंज महानगरपालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासनिक भवन निर्माणको प्रकृया अगाडि बढाईने छ । वडा कार्यालय भवन निर्माणको कार्यलाई निरन्तरता दिँदै आगामि दुई वर्ष भित्रमा महानगरपालिकाको सम्पुर्ण वडाको आफ्नै भवनको व्यवस्था मिलाईने छ ।

४६. शिक्षा, स्वास्थ्यमा सुधार हुने, पर्यटन बृद्धि हुने र परोपकारी संस्थाहरुलाई आवश्यकता बमोजिमको जग्गा उपलब्ध गराईने छ ।

४७. साङ्गठानिक सर्वेक्षण गराई कर्मचारीको सेवा प्रवाहलाई थप चुस्त बनाईने छ ।

**ङ) कृषि तथा पशुपन्छी**

४८. वीरगंज महानगरको आन्तरिक आय वृद्धिका लागि महानगर क्षेत्र भित्रका सार्वजनिक पोखरीलाई माछापालन लगायत आर्थिक उपार्जनको प्रयोगमा ल्याइनेछ ।

४८. महानगरका खाली रहेका सार्वजनिक तथा ऐलानी जग्गाहरुमा सामूहीक बाली तथा तरकारी खेती गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

४९. कृषि उब्जनी बृद्धि गर्दै आयआर्जन मजबुत बनाउन कृषकलाई सहुलियत दरको मल, बिउ र निशुल्क सिचाईको प्रबन्ध मिलाइने छ ।

५०. महानगरको ग्रामिण वडाहरुमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजारको पूर्वाधार निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५१. कृषकलाई आर्थिक उपार्जन बढाउँदै स्ववलम्बी बनाउन साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममार्फत बाली/वस्तुहरुको उत्पादन र उत्पादकत्व वृद्धि तथा रोजगारी सृजना हुने कार्यक्रम संचालन गरिनेछ ।

**च) खेलकुद**

५२. नारायणी क्रिकेट रंगशालामा माटो पुरी मैदान सम्याउने कार्य भइरहेकोमा प्रदेश सरकारसँगको सहकार्यमा आगामि आ.व. बाट क्रिकेट एकेडेमीको रुपमा निर्माण कार्य अघि बढाइनेछ ।

५३. नारायणी रंगशालाको जीर्णोद्धारका लागि आवश्यक पहल गर्नुका साथै आदर्शनगर रंगशालाको स्तरोन्नती गरिने छ ।

५४. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल प्रतियोगिताका पदक विजेता महानगरका खेलाडीलाई सम्मान र पुरस्कार प्रदान गर्नुका साथै वीरगंज महानगरमा उपयुक्त रोजगारीको व्यवस्था मिलाईनेछ ।

५५. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनःस्थापनाको वातावरण बनाइने छ ।

५६. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशिलता विकासका लागि प्रोत्साहनमुखि कार्यक्रम संचालन गरिनेछ ।

५७. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन, बिजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख बन्न प्रेरित गरिनेछ ।

**५८.** युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशिल क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

**छ) सूचना प्रविधि तथा संचार**

**५९.** आजीवन पत्रकारीता गरेका जेष्ठ पत्रकारलाई पेन्सनको व्यवस्था मिलाउने कार्य आगामी वर्षबाट सुरु गरिनेछ ।

**६०.** संचार गृह र पत्रकारहरुलाई विपत्का बेला आवश्यक सहयोग उपलब्ध गराउन विपत् राहत कोषको स्थापना गरिने छ ।

**६१.** महानगरमा दर्ता तथा संचालनमा रहेका संचार माध्यमको लागि समानुपातिक ढंगले वितरण हुने लोक कल्याणकारी विज्ञापनको व्यवस्था लाई निरन्तरता दिईनेछ ।

**६२.** नेपाल पत्रकार महासंघ पर्साको संस्थागत विकासका लागि गरिएको सहयोगलाई निरन्तरता दिइने छ ।

**६३.** राष्ट्रिय समाचार समितिबाट नेपाली र अंग्रेजी भाषामा मात्रै समाचार बुलेटीन प्रकाशीत/प्रशारीत हुँदै आएकोमा वीरगंज महानगरको सहयोगमा भोजपुरी भाषामा पनि बुलेटीन प्रकाशन/प्रशारण गराउने नीतिलाई कार्यान्वयनमा ल्याइने छ ।

**नगर सभाका सदस्यज्यूहरु,**

यस नगरसभाको १५ औं अधिवेसनमा उत्साहपूर्वक रुपमा सहभागि हुनुभएकोमा यहाँहरु प्रति आभार प्रकट गर्न चाहान्छु । यो निति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सम्पूर्ण महानगरपालिका कर्मचारी परिवार, जनप्रतिनिधि साथिहरु र महानगरवासीको सहयोग एवं सदभाव प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ! नमस्कार !!

**राजेशमान सिंह**
**प्रमुख**

**संवत २०८१ साल असार ८ गते शनिबार**
**नेपाल सं. ११४४ तछलाथ्व पुन्हि**